# मगर जातिको पहिचानको राजनीतिमा नेपाली कम्युनिस्ट पार्टीको दृष्टिकोण

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत**
**राजनीतिशास्त्र विषयमा**

**विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत**

## शोधप्रबन्ध

शोधार्थी

**भोज विक्रम बुढा मगर**

रोल नं. ४१-२०७० माघ

त्रिविवि दर्ता नं. ६-१-३१९-२९-९६

**२०८०**

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत **मगर जातिको पहिचानको राजनीतिमा नेपाली कम्युनिस्ट पार्टीको दृष्टिकोण** शीर्षकको यो शोधपत्र मैले मेरो शोध निर्देशकको निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोत र विधिहरूबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र तीप्रति कृतज्ञ पनि छु । यस शोधपत्रमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कुनै उपाधि अथवा अन्य प्रयोजनका निम्ति प्रस्तुत गरेको छैन । यस शोधपत्रको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशन गरे/गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए त्यसप्रति पूर्णतः जिम्मेवार हुने छु ।

-भोज विक्रम बुढा मगर

त्रि.वि. दर्ता नं. ६-१-३१९-२९-९६

विद्यावारिधि दर्ता नं. ४१-२०७० माघ

मिति : २०७८।०२।२८

# कृतज्ञता ज्ञापन

वर्तमान नेपालको राजनीतिमा पहिचान र मार्क्सवाद बारम्बार सुनिने शब्दावलीहरू हुन् । यी दुई पदावलीहरूलाई कसैले परस्पर विरोधी दर्शनका रूपमा त कसैले मार्क्सवाद बृहत् दर्शन भएकाले त्यसैभित्र पहिचानको विषय समावेश हुने बताउने गरेका छन् । नेपालको सन्दर्भमा पहिचानको सवाल ऐतिहासिक रूपमा राज्य निर्माण प्रक्रियासँग जोडिएको छ । १९१० सालको मुलुकी ऐनको माध्यमबाट पहिचानको राजनीति व्यवस्थित कानुनी रूपमा प्रवेश गरेको हो, सो ऐनले नेपालका सबै सामाजिक समूहहरूको वर्गीकरण गरी फरक-फरक र तहगत पहिचान कायम गरेको थियो । यसैको माध्यमबाट नेपाली समाजमा जातीय असमानता र विभेदहरूले शृङ्खलाबद्ध उचाइ लिँदै गयो ।

नेपालमा राणा वंशको १०४ वर्षे एकछत्र पारिवारिक र सामन्ती शासनका कारण शाह र राणाबाहेकका जाति र वर्गमाथिको विभेद र असमानताको पर्खालहरू चुलिँदै गए । यसको प्रतिरोधस्वरूप आदिवासी जनजातिहरूको अगुवाइमा विभिन्न विद्रोहरू पनि भए भने भूमिगत रूपमा राजनीतिक पार्टीहरूको स्थापना हुने क्रम पनि चल्दै गयो । ती राजनीतिक पार्टीहरूको स्थापनासँगै जातीय उत्पीडनका मुद्दाहरू पनि समावेश गरिए । राजनीतिक रूपमा २००६ सालमा कम्युनिस्ट पार्टीको घोषणापत्र, २००७ सालमा तराई काङ्ग्रेस र सामाजिक आन्दोलनका रूपमा २०३६ सालमा सेतामगुरालीको माध्यमबाट पहिचानको मुद्दा नेपाली राजनीतिमा प्रवेश गरेको पाइन्छ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि विभेद र असमानताका मुद्दाहरू सतहमा आए भने २०६२/६३ सालको सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक आन्दोलनमार्फत यो मुद्दा राजनीतिको केन्द्रीय भागमा प्रवेश गऱ्यो । विभिन्न राजनीतिक पार्टीहरूले जातीय क्षेत्रीय सङ्घ-संस्थाहरू स्थापना गरी चलायमान गराए । यसैको परिणामस्वरूप २०६४ चैत २८ गते सम्पन्न ऐतिहासिक संविधानसभाको पहिलो निर्वाचनमा पहिचानको मुद्दा बोकेका नेकपा (माओवादी), मधेशी जनअधिकार फोरम नेपाल लगायतका पार्टीहरूले विशेष स्थान हासिल गरे । संविधानसभाबाट संविधान निर्माणका क्रममा राज्यको पुनर्संरचना गर्ने सन्दर्भमा एकल जातीय, बहुजातीय, साझा पहिचानजस्ता मुद्दामा अल्झेर पहिलो संविधानसभाले संविधान निर्माण नगरी २०६८ असारमा विघटन भयो ।

२०७० सालमा दोस्रो संविधानसभाको निर्वाचनमा पहिचानको बहस उल्टो दिशाबाट सुरु गरियो । पहिचानको सवालमा सबै क्षेत्रमा एक प्रकारले वितृष्णाको पदावली बन्यो र पहिचानविरोधी पार्टीहरूले जनमत प्राप्त गरे । सबैभन्दा पहिले बहसमा लिने र व्यवस्थित ढङ्गले संरचनागत अभ्यास गर्ने कम्युनिस्ट पार्टीहरूले नै यसको सैद्धान्तिक तथा साङ्गठनिक रूपमा प्रतिरोध गर्ने कामहरू भए । यही सन्दर्भमा के पहिचानको मुद्दा साँच्चिकै सामाजिक सद्भाव बिथोल्ने नै हो ? कम्युनिस्ट पार्टीहरूले आफ्नो नीति तथा

कार्यक्रमहरूमा जातीय समानता र मुक्तिको प्रश्नलाई समावेश गरेर पनि किन व्यावहारिक रूपमा लागू गर्न सकेनन् ? यी जिज्ञासाहरू अनुत्तरित रहेकाले प्राज्ञिक अध्ययन अनुसन्धानको आवश्यकता महसुस गरी यस विषयमा शोध गरेको छु।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत राजनीतिकशास्त्र विषयमा **मगर जातिको पहिचानको राजनीतिमा नेपाली कम्युनिस्ट पार्टीको दृष्टिकोण** शीर्षकमा विद्यावारिधिको शोध निर्देशक प्रा. डा. कृष्ण हाछेथु र सह शोध निर्देशक प्रा. डा. उमानाथ बरालप्रति विशेष कृतज्ञता तथा आभार प्रकट गर्दछु। हाछेथु र बरालको व्यस्त समयका बाबजुद पनि मलाई शोधपत्र सम्पन्न गर्न महत्वपूर्ण निर्देशन, सल्लाहसुझावका साथ उत्प्रेरणा दिनुभयो, परिणामस्वरूप मैले यो शोधपत्र सम्पन्न गर्ने अवसर पाएँ । शोधकार्यमा महत्वपूर्ण प्राज्ञिक तथा रचनात्मक सहयोग गर्नुहुने अध्येता महेशराज महर्जन, सरस्वती बहुमुखी क्याम्पस समाजशास्त्र विभाग प्रमुख झकेन्द्र घर्तीमगर, प्रा. डा. मीना बैद्य मल्ल, प्रा. डा. महेन्द्र लावती, डा. कृष्ण भट्टचन, डा. मीन श्रीसमगर, डा. चुरा थापा र डा. विष्णु सिञ्जालीमगर, लाई धन्यवाद दिन चाहन्छु।

अध्ययनका क्रममा मैले स्रोतका रूपमा लिएका सम्पूर्ण लेखकहरू, प्रकाशकहरू, अन्तर्वार्ता दिनुहुने र प्रश्नावली भर्नुहुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछु । प्रश्नावली भर्ने क्रममा सहयोग गर्नुहुने रोल्पा जिल्ला नुवागाउँ र गाम गाविस, प्युठान जिल्ला स्याउलीबाङ र ढुङ्गेगढी गाविस तथा पाल्पा जिल्ला पिपलडाँडा र बल्ढेङगढी गाविसका मगर समुदायलाई हार्दिक धन्यवाद दिन चाहन्छु। सर्वेक्षणका क्रममा अध्ययन क्षेत्रमा विशेष सहयोग गर्नुहुने रोल्पा नुवागाउँ अरनिको उच्च माविका संयोजक गणेश घर्तीमगर, रणबहादुर घर्तीमगर र सावित्रा बुढामगर, गाम गाविस जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक बागवीर घर्तीमगर, कृष्ण घर्तीमगर, नरवीर बुढामगर (रिवने), कमारी बुढामगर, उदवीर बुढामगर, हुईमती बुढामगर र विशम्भर घर्तीमगर पाल्पा जिल्ला पिपलडाँडा गाविसका पार्वती बरालमगर, नरबहादुर बरालमगर, तिलबहादुर बरालमगर र किचनासका ओमबहादुर घर्तीमगर, जुठापौवा गाविसका थमन घर्तीमगर, बल्ढेङगढी गाविसका निवर्तमान उपाध्यक्ष ईश्वरी रास्कोटीमगर, भुवनसिंह रास्कोटीमगर, डालबहादुर सारूमगर, रमा रास्कोटीमगर (रम्दी) र समानसिंह पल्लीमगर र प्युठान जिल्ला ढुङ्गेगढी गाविसका गेजमान रानामगर, झगबहादुर रानामगर, चिन्तबहादुर सोमैमगर, हुमबहादुर सोमैमगर, लिलाराम सोमैमगर, पूर्वप्रधानपञ्च विनबहादुर खाम्चामगर, इन्द्रबहादुर रानामगर, गुप्तबहादुर रानामगर, स्याउलीबाङ गाविसका विसाल बुढामगर, चित्रबहादुर बुढामगर, हर्कमन बुढामगर लगायत अन्य सबैप्रति ऋणी छु।

सम्मेलन तथा सेमिनारहरूमा अनुसन्धानात्मक कार्यपत्र पेश गर्ने अवसर प्रदान गरी विभिन्न सुझावहरू प्रदान गरेकोमा नेपाल मगर सङ्घ केन्द्रीय समितिका अध्यक्ष नविन रोकामगर र महासचिव

ज्ञानेन्द्र पुनमगर लगायत सङ्घका पदाधिकारी तथा सदस्यहरू र प्रवासमा कार्यरत मगर सङ्घहरूको अध्ययनका लागि अवसर दिनुभएकोमा मगर सङ्घ हङकङ र अध्यक्ष युगमाया रानामगर तथा मगर सङ्घ युएई र अध्यक्ष सानु रानामगरलाई सम्झन चाहन्छु । मगर जातिको प्राचीनता र पहिचानको विषयमा महत्वपूर्ण सूचनाहरू प्रदान गर्नुभएकोमा पूर्वमन्त्री बालाराम घर्तीमगर, पूर्वसांसद बमकुमारी बुढामगर र नरबहादुर थापामगर 'नरु' प्रति कृतज्ञता प्रकट गर्दछु ।

मेरो उच्च शिक्षाको अध्ययन सुरुदेखि शोध सम्पन्न गर्दासम्म विभिन्न मितिहरूमा आर्थिक सहयोग गर्नुहुने दाङ, देउखुरीका जङ्गबहादुर पुनमगर र लालसरी पुनमगर, नौबहीनी गाउँपालिका-१, स्याउलीबाङ, प्युठानका कुलबहादुर बुढामगर, घना बुढामगर, नरबहादुर बुढामगर, जमुना बुढामगर, दुर्गाबहादुर बुढामगर (सागर), आनन्द पुनमगर, भूपाल शेरचन थकाली, दीपक बुढामगर (बेलायत), देवेन्द्र बुढामगर (हाल दक्षिण कोरिया), निरज बुढामगर (ब्रुनाइ) र बलवीर बुढामगरलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । संस्थागत रूपमा छात्रवृत्ति उपलब्ध गराएकोमा विश्व मगर सङ्घ बेल्जियमका अध्यक्ष लोक रानामगर लगायत का पदाधिकारी तथा सदस्यहरू र मगर सङ्घ बेलायतका अध्यक्ष शुनील रानामगर लगायत सङ्घका पदाधिकारी तथा सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्दछु । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र विश्वविद्यालय अनुदान आयोगले आंशिक सहयोग गरेकोमा आभार व्यक्त गर्दछु । अध्ययनका क्रममा सहयोग गर्नुहुने भीम रोकामगर (भकिम्ली, म्याग्दी हाल काठमाडौ), उपप्राध्यापक हरि दलामीमगर, पिएच. डि. (गुल्मी), राजकुमार जर्घामगर (काभ्रेपलाञ्चोक), प्युठानका अन्य सहयोगीहरू रामबहादुर खड्का (विजुली), तिलक पुन (दामृ), खिमबहादुर सुनार (बिजुवार), नुमबहादुर पुन (जाबुने), रामचन्द्र बुढाथोकीक्षेत्री (मरन्ठाना), झविलाल राहुमगर (ठुलाचौर), प्रेम बुढामगर र रामबहादुर पुनमगर ( खरा, रजवरा हाल बेलायत) डिलबहादुर थापामगर (भानुमती, तनहुँ), प्रतिभा पुन (रुपन्देही), रामबहादुर कुरुम्बाङ (तेहूथुम), शारदा थापामगर (भक्तपुर), हङकङमा रहनुहुने नेत्र पहराई, मनोज सर्र्यवंशी राना र फिल्ड सर्वेक्षणबाट लिएको तथ्याङ्कलाई एसपिएसएस मार्फत तथ्याङ्क प्रशोधन गरिदिने गणेश थापामगर (काभ्रे) तथा भाषा शुद्धाशुद्धिमा सहयोग गर्नुहुने बेद रानामगर (सिन्धुली) प्रति आभार प्रकट गर्दछु ।

आफ्ना विभिन्न दुःखकष्टको सामना गरी मेरो उज्ज्वल शैक्षिक भविष्यका लागि हरदम प्रेरणा प्रदान गर्नुहुने श्रद्धेय बुवा कुलमान र आमा सुभीप्रति उच्च सम्मानका साथ सादर प्रणाम टक्र्याउँछु । अध्ययनका क्रममा साधनस्रोतहरूको उपलब्ध गराई मेरो उद्देश्य पूरा गरिदिनुभएकोमा आदरणीय दाइ-भाउजूहरू कीर्तिमान-नमी, दिबु-दुर्गा र दुजलाल-निमीप्रति श्रद्धा तथा धन्यवाद प्रकट गर्दै पारिवारिक तथा शैक्षिक वातावरण कायम गरी सधैँ उत्साह प्रदान गरिरहने जीवन सँगिनी तनी, छोरी दीपा र छोरा गङ्गालाइ धन्यवाद ज्ञापन गर्दछु ।

-भोज विक्रम बुढा मगर

# शोधसार

आदिवासी जनजातिहरूको पहिचानको विषयलाई नेपालको सामाजिक असन्तुलनको बहसमा प्रमुखताका साथ लिइँदै आएको छ। नेपालका मार्क्सवादी पार्टीहरूले जातीय पहिचान, सङ्घीयता, स्वायत्तता, आत्मनिर्णयको अधिकार, अग्राधिकारजस्ता राजनीतिक शब्दावली आफ्ना नीति तथा कार्यक्रमहरूमा समावेश गरेका छन् । तर, वर्ग सङ्घर्षको मर्मलाई आत्मसात् गरे वर्गीय, जातीय, क्षेत्रीय लगायतका उत्पीडनको अन्त्य हुन्छ भन्ने मार्क्सवादको सैद्धान्तिक मान्यता रहेको छ। पहिचान र मार्क्सवाद जस्ता फरक-फरक राजनीतिक दर्शन र विरोधाभासपूर्ण राजनीतिक सम्बन्ध रहेका विषयहरूको अध्ययन गर्नु नेपालको परिप्रेक्ष्यमा महत्वपूर्ण छ। यो शोधको उद्देश्य **मगर जातिको पहिचानको राजनीतिमा नेपाली कम्युनिस्ट पार्टीको दृष्टिकोण** को अध्ययन गर्नु रहेको छ। राज्यद्वारा उत्पीडनमा पारिएको जाति भनिएको मगरको मुक्ति मार्क्सवादले मात्र गर्न सक्छ भन्ने मान्यता मार्क्सवादीहरूको छ भने, अर्कोतर्फ वर्गीय सवाल मात्र होइन मगर सामाजिक-सांस्कृतिक दृष्टिले पनि उत्पीडनमा रहेको छ, त्यसैले राज्यमा मगरको सम्मान जनक प्रतिनिधित्व हुन जरुरी छ भन्ने मत पहिचानवादीहरूको छ। यसरी मगर वर्गीय तथा सामाजिक-सांस्कृतिक दुवै हिसाबले उत्पीडित जाति भएकोले यसका कारणहरू खोज गर्नु आवश्यक रहेकाले यो अध्ययन महत्वपूर्ण छ।

पहिचानको आन्दोलनमध्ये मगर पहिचानको ऐतिहासिक-राजनीतिक पृष्ठभूमि र नेपालका कम्युनिस्ट पार्टीहरूमध्ये नेकपा एमाले र नेकपा माओवादीको जातीय पहिचानसम्बन्धी नीति आपसमा जोडिएकाले नेपालको सन्दर्भमा पहिचानको राजनीतिलाई तीन मुख्य उद्देश्यहरूमा आधारित भएर हेरिएको छ । पहिलो, नेपालका कम्युनिस्ट पार्टीहरू (एमाले र माओवादी) को जातीय पहिचानको राजनीतिसम्बन्धी नीतिहरूको समालोचनात्मक विश्लेषण गर्नु; दोस्रो, मगर जातिको राजनीतिक अवस्था (२०१५-२०७०) को ऐतिहासिक समीक्षा गर्नु र तेस्रो, मगर पहिचानको राजनीति र मगरको समग्र उत्थानका लागि मगर समूदायको अभिमत खोजी गर्नु रहेको छ । अध्ययनको उद्देश्यहरु पूरा गर्न दस्तावेजहरुको विश्लेषण, मूल सूचनादाताहरुसँग अन्तरवार्ता, घरधुरी सर्वेक्षण, र अवलोकन गरिएको छ । पहिलो संविधानसभाले प्रस्ताव गरेको मगरात प्रदेशको १४ वटा जिल्लाहरूलाई सिङ्गो एकाइ मानेर मगर जातिमा भएको भाषिक-सांस्कृतिक विविधतालाई मध्यनजर गर्दै तीनवटा जिल्लाहरू पाल्पा, रोल्पा र प्युठानलाई छनोट गरिएको छ।

प्राचीन तथा मध्यकालीन नेपालमा बलशाली रहेको मगर जातिको राज्य मगरात विघटनसँगै स-साना जातीय राज्यहरूबाट एउटा विशाल गोर्खा राज्यको निर्माण भएको थियो । यसरी एकीकरण गर्नु सकारात्मक पक्ष भए पनि एकीकरणमा महत्वपूर्ण भूमिका खेलेको मगर, गुरुङ लगायतका समुदायको

भाषा, संस्कृति लगायत मौलिक पहिचानहरू माथि आक्रमण सुरु भयो । त्यसैले केही विद्वानूहरूले गोर्खा राज्य विस्तार एकीकरण नभएर अन्य राज्यहरू माथिको विजय थियो भन्ने पनि गरेका छन् । जहाँनिया राणा कालमा १९१० सालको मुलुकी ऐन मार्फत नेपाली समाजलाई विभिन्न समूहमा वर्गीकरण गरियो, परिणाम स्वरूप राज्यले संरक्षित गरेका र बहिष्करण गरेका जातीय समूहहरू निर्माण भए । पञ्चायतकालीन व्यवस्थामा राज्यले अन्य पहिचानलाई लत्याउँदै हिन्दु धर्म र खस-नेपाली भाषाको पहिचानलाई पाठ्यपुस्तक र सरकारी कामकाजको माध्यमद्वारा व्यवस्थित ढङ्गले लागु गर्ने-गराउने काम गऱ्यो । यो कालमा बहुल पहिचानमाथि हिन्दु धर्म र खस-आर्य जातिको एकल पहिचानले मगर लगायतका अन्य जातीय तथा धार्मिक समूहलाई हिन्दुकरण र खस-आर्यकरण गर्ने काम भयो । २०४६ सालपछिको पुनर्स्थापित प्रजातान्त्रिक व्यवस्थामा पनि नेपाललाई हिन्दु राज्यको रुपमा निरन्तरता दिइयो, यसैको परिणामस्वरूप पहिचानको आन्दोलनले व्यापकता पायो ।

राजनीतिशास्त्री हन्टिङ्टन र समाजशास्त्री बार्थले राजनीतिको केन्द्रबिन्दु सांस्कृतिक पक्षलाई मानेका छन् । कार्ल मार्क्सले पनि सांस्कृतिक पर्यावरणले चेतनाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका छन् । नेपाली सन्दर्भमा वर्गीय र जातीय दुवै मुद्दा परस्पर जोडिएको, जाति विशेषका कारण सम्बन्ध र अवसर पनि सुरक्षित भएको, जातीय संरचनाअनुसार नै वर्गको विकास भएकाले नेपाली विशेषतामा जात र वर्गलाई अलग गरेर हेर्न सकिँदैन । नेपाली राज्य र राजनीति जातीय व्यवस्थामा आधारित छ भन्ने कुरा नेपालको कार्यकारी प्रमुखहरू अर्थात् हालसम्मको प्रधानमन्त्रीहरूको नामावलीहरूको सूचीबाट पनि प्रस्ट हुन्छ । पञ्चायत कालमा ठकुरी (क्षेत्री) राजा हुँदा देशको प्रधानमन्त्री अपवादबाहेक क्षेत्री नै हुने र बहुदल र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि ब्राह्मणहरू विभिन्न राजनीतिक पार्टीहरूको प्रमुख हुदाँ देशको प्रधानमन्त्री पनि ब्राह्मण नै हुने अभ्यासहरूले नेपालमा वर्ण व्यवस्थामा आधारित राजनीतिक व्यवस्था भएको बुझ्न सकिन्छ ।

कम्युनिस्ट पार्टीमा सामेल हुने मगरहरूले वर्गीय भन्दा पहिले जातीय तथा भाषिक उत्पीडनको महशुस गरेर कम्युनिस्ट आन्दोलन र युद्धहरूमा सामेल भएको अभिमत दिएका छन् । २०१५ देखि २०७० साल सम्मको मगरको राजनीतिक सहभागिताको समिक्षाले कम्युनिस्ट पार्टीहरूमा जातीय मुक्तिको बहस व्यापक भए पनि व्यवहारिक दृष्टिले असफल देखाएको छ । आँकडाहरूले नेपालको सन्दर्भमा गरिबी जातिसँग सम्बन्धित छ भन्ने कुराको पुष्टि गरेको छ । जातीयताको कारणले नेपाली समाजमा सामाजिक प्रतिष्ठा मात्र होइन आर्थिक हैसियत पनि निर्धारण गरेको छ । कम्युनिस्ट पार्टीले वर्गीय सवाल प्रधान र केही विद्धान तथा विश्लेषकहरूले जातीय र वर्गीय  दुवै मुद्दा समानान्तर भने पनि वर्गीय उत्पीडनको आधार नै जातीय संरचना भएको र जात नै वर्गको रुपमा विकास भएको शोधले देखाएको छ । एमाले र

माओवादीको पहिचान सम्बन्धी नीतिगत समिक्षाले मगर पहिचान र अधिकारको दृष्टिले एमालेको तुलनामा माओवादी इमानदार देखिएको छ ।

शोध सर्वेक्षणले मगर जातिले आफ्नो मुक्तिका लागि कम्युनिस्ट पार्टीप्रति विश्वास गरेको देखाएको छ तर त्यसको माध्यमबाट ८२ प्रतिशत मगरले मगरातको अपेक्षा गरेका छन् । यदि कम्युनिस्ट पार्टीबाट त्यो सम्भव नभए विकल्पमा छुट्टै मगर पार्टी निर्माणको परिकल्पना गरेको देखाएको छ । मगरहरूले मगरात प्राप्तिका लागि शान्तिपूर्ण आन्दोलन रोजेका छन् । मगर पहिचानको प्राथमिक आधार मगर भाषा र भूमि भएको तर आफूलाई पहिले नेपाली अनि मात्र मगर भनेर चिनाउने मत प्रकट गरेका छन् । पहिचानको मुद्दा कमजोर हुनुमा पहिलो कारण कम्युनिस्ट नेताहरूमा जातीय अहङ्कार भनेका छन्, जातीय अहङ्कारको कारण पहिचानवादी पार्टीहरूको जन्म र पहिचानमा आधारित विभिन्न आन्दोलनहरू भएको देखाएको छ ।

यो अध्ययनले कम्युनिस्ट पार्टी जातीय राजनीतिबाट निर्देशित भएको देखाउँछ। यसको पछाडिको कारण नेपालका कम्युनिस्ट पार्टीहरू नीति तथा सिद्धान्तका आधारमा होइन दार्शनिक हिसाबले हिन्दु धर्म र समुदायगत दृष्टिले खस-आर्य समूहको स्वार्थ अनुकूल चलेको देखिन्छ। नेपाल मगर सङ्घको कुनै पनि दस्तावेजमा कम्युनिस्ट पार्टीले मगरको समस्या समाधान गर्छ भनेर उल्लेख छैन, तर कम्युस्टि पार्टीहरूको दस्तावेजमा जातीय मुक्तिको उल्लेख भएकोले धेरै मगरहरू कम्युनिस्ट पार्टीमा आवद्ध छन् । नेपालमा जातीय राजनीतिको बीजारोपण गर्ने राजनीतिक रुपमा कम्युनिस्ट पार्टी र समुदायगत रुपमा ब्राह्मण समुदाय हुन् । पहिचानमा आधारित दलहरू र अन्य सामाजिक संस्थाहरू कम्युनिस्ट पार्टी र ब्राह्मण नेताहरूको प्रतिफल (By-product) हुन् ।

नेपालका कम्युनिस्टहरूले मार्क्सवादको वर्गीय प्रभुत्व (Economic Determinism) भने पनि व्यवहारमा भने सांस्कृतिक प्रभुत्व (Cultural Determinism) लागू हुँदै आएको कुरा नेपालका कम्युनिस्ट पार्टीहरूको ७० वर्षे लामो राजनीतिक घटनाहरूले पुष्टि गर्दै आएको छ। नेकपाको राजनीतिमा नीतिभन्दा नेतृत्वको प्रभाव रहेको छ, जसको कारण नेकपा वर्गको नभई जातिको अधीनस्थ रहेको छ। कम्युनिस्ट पार्टीले लिएको जातीय नीतिहरूको कार्यान्वयन नहुनुको कारण जातीय असमानता प्रमुख र वर्गीय असमानता दोस्रो रहेको छ । यहाँ सामन्ती राज्य व्यवस्थाले उपल्लो जातको पहिचान कायम गराएकासँग राज्य र समाजको स्रोतहरूको अग्राधिकार छ, त्यसैले पहिचानले वर्ग निर्माण गरेको छ। मार्क्सवादी दृष्टिकोणबाट हेर्दा मगर जातिले उत्पीडित वर्गको प्रतिनिधित्व गर्दछ । जातीय र बर्गीय दुवै असमानता नेपाली समाजको वास्तविकता हो, मार्क्सले उपरी संरचना मानेका पहिचान र संस्कृतिले नै नेपाली समाजको आर्थिक सम्बन्धको निर्माण गरेको छ। वर्गीय अन्तर्विरोध सार्वभौम सत्य हो भने जातीय अन्तर्विरोध नेपालको मौलिक विशेषता हो, यो नै शोधको मुख्य निष्कर्ष हो ।

# विषय–सूची


| | |
|---|---|
| **अनुसन्धान शीर्षक** | **क** |
| **शोधप्रवन्ध समितिको सिफारिस** | **ख** |
| **स्वीकृत पत्र** | **ग** |
| **प्रतिबद्धता** | **घ** |
| **कृतज्ञता ज्ञापन** | **ङ** |
| **शोधसार** | **ज** |
| **विषय–सूची** | **ट** |
| **तालिकाहरू** | **थ** |
| **सङ्क्षिप्त शब्दावली** | **न** |
| **अध्याय एकः  शोध परिचय** | **१–८** |
| १.१ अध्ययन पृष्ठभूमि | १ |
| १.२ शोध समस्या | ३ |
| १.३ शोधको उद्देश्य | ५ |
| १.४ शोधको औचित्य | ६ |
| १.५ अध्ययनको सीमा | ६ |
| १.६ शोधको संरचना/सङ्गठन | ७ |
| **अध्याय दुईः पूर्व साहित्य समीक्षा** | **९–४७** |
| २.१ पहिचानको राजनीतिशास्त्रीय व्याख्या | १० |
| २.२ मार्क्सवादी अवधारणा | १२ |
| २.३ पहिचानको समाज/मानवशास्त्रीय व्याख्या | १६ |
| २.४ आत्मनिर्णयको अधिकार | १८ |
| २.४.१ संयुक्त राष्ट्र सङ्घीय अवधारणा | १९ |
| २.४.२ भी.आई. लेनिनको अवधारणा | २१ |
| २.४.३ उड्रो विल्सनको अवधारणा | २२ |
| २.५ स्वायत्तता र स्वशासन | २२ |
| २.६ राजनीतिक अग्राधिकार | २४ |
| २.७ सङ्घीयता र समावेशी लोकतन्त्र | २५ |
| २.८ नेपालमा पहिचानसम्बन्धी अध्ययन | २७ |
| २.९ नेपाल कम्युनिस्ट पार्टी र जातीय मुद्दा | ३२ |
| २.१० मगर पहिचानको ऐतिहासिक सन्दर्भ | ३५ |

२.१०.१ मगर जाति उत्पत्तिको कथा ३५
२.१०.२ मगर जातिको नेपाल आगमन ३८
२.१०.३ मगरको नामकरण ४२
२.१०.४ प्राचीन मगरात ४३
२.११ सैद्धान्तिक अवधारणा ४५
२.१२ अनुसन्धान अन्तर ४६
**अध्याय तीनः अनुसन्धान विधि ४८–५४**
३.१ अनुसन्धान ढाँचा ४८
३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरू, प्रकृति र विधि ४८
३.३ जनसङ्ख्या र नमूना सङ्कलन ४९
३.३.१ नमुना सङ्कलन विधि ४९
३.३.२ जनसङ्ख्या ५०
३.४ तथ्याङ्क सङ्कलनका साधनहरू ५१
३.४.१ प्रश्नावली ५१
३.४.२ अन्तर्वार्ता ५१
३.४.३ सर्वेक्षण ५१
३.४.४ अवलोकन ५१
३.४.५ समूहगत छलफल ५२
३.४.६ गोष्ठी ५२
३.५ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण ५२
३.६ शोधको नैतिक पक्ष ५३
**अध्याय चारः नेपाली राज्यको संरचना र मगर जातिको अवस्था ५५–११५**
४.१ नेपालको जनसाङ्ख्यिक तथा भाषिक अवस्था ५५
४.२ नेपालमा रहेका सामाजिक समूहहरू ५५
४.२.१ खस-आर्य ५५
४.२.२ दलित ५६
४.२.३ मुस्लिम ५६
४.२.४ मधेसी ५८
४.२.५ आदिवासी जनजाति ५८
४.३ मगर जातिको चिनारी ५९
४.४ नेपाल राज्यको संरचना ६१

४.५ राज्यमा समुदायगत उपस्थिति ६६
४.६ राजनीतिक समावेशीकरणको अवस्था ६९
४.६.१ कार्यपालिकामा प्रतिनिधित्व ७०
४.६.२ व्यवस्थापिकामा प्रतिनिधित्व ७१
४.६.३ स्थानीय सरकारमा प्रतिनिधित्व ७५
४.६.४ राजनीतिक नियुक्ति ७७
४.६.५ मगर महिलाको समावेशीकरणको अवस्था ७७
४.६.६ राजनीतिक पार्टीहरूमा मगरको प्रतिनिधित्व ८२
४.७ राज्यमा समावेशीकरणको अवस्था ८५
४.७.१ कानुन तथा न्याय सेवा ८६
४.७.२ निजामती प्रशासन सेवा ८७
४.७.३ सेना तथा प्रहरी सेवा ८८
४.७.४ विश्वविद्यालय, चिकित्सा क्षेत्र तथा विभिन्न संस्थान र निगमहरू ९१
४.८ आधुनिक राज्य निर्माण प्रक्रियामा मगरहरू ९२
४.९ मगरात स्वायत्त प्रदेशको परिकल्पना ९७
४.९.१ संविधानसभा र मगरले प्रस्ताव गरेको मगरात ९९
४.१० मगर आन्दोलनको सङ्क्षिप्त इतिहास १०२
४.१०.१ मगर पहिचानको आन्दोलनमा पूर्व सेना-प्रहरीहरूको भूमिका १०५
४.१०.२ मगर पहिचानको आन्दोलनमा प्रवासी मगरहरूको भूमिका १०६
४.११ आदिवासी जनजाति आनदोलनमा नेपाल मगर सङ्घको भूमिका १०८
४.१२ राजनीतिक मगर मोर्चाहरू १०९
४.१३ मगरात पहिचान र राष्ट्रिय एकता ११०
**अध्याय पाँचः कम्युनिस्ट पार्टीमा जातीय राजनीतिको प्रभाव र असर ११६-१४९**
५.१ नेपाली पहिचानको ऐतिहासिक विकास ११६
५.२ नेपाल कम्युनिस्ट पार्टीमा पहिचानको प्रवेश ११८
५.२.१ कम्युनिस्ट पार्टीको जातीय राजनीति १२०
५.२.२ जातीय मुद्दाको राजनीतीकरणः जातीय सङ्गठनहरू १२५
५.३ नेकपा र नीति निर्माणमा जातीय समूहहरूको सहभागिता १३१
५.४ नेकपा र नेतृत्व १३४
५.५ नेकपाको जातीय राजनीति र यसको असर १३८
५.६ राज्य/सरकारको नेतृत्व १४२

**अध्याय छः एमाले र माओवादीको पहिचानसम्बन्धी धारणा** **१५०–२००**
६.१ एमाले र माओवादीको जातीय सवालसम्बन्धी अवधारणा १५०
६.२ जनताको बहुदलीय जनवाद र एक्काइसौँ शताब्दीको जनवाद १५१
६.२.१ नेकपा (एमाले) र जनताको बहुदलीय जनवाद १५२
६.२.२ नेकपा (माओवादी) र एक्काइसौँ शताब्दीको जनवाद १५७
६.३ एमाले र माओवादीमा सामाजिक समूहहरूको प्रतिनिधित्व १६१
६.४ एमाले-माओवादीः बहुजातीय समाजको एकल जातीय नेतृत्व १६५
६.५ एमाले-माओवादी र पहिचानको राजनीति १७२
६.५.१ एमाले-माओवादी र आत्मनिर्णयको अधिकार १७३
६.५.२ एमाले-माओवादी र राजनीतिक अग्राधिकार १८४
६.५.३ आदिवासी जनजाति सभासदसभा (ककस) १९६
६.६ संविधानसभा : राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोग, २०६८ १९८
**अध्याय सातः सर्वेक्षणको परिणामः प्युठान, पाल्पा र रोल्पामा मगर आन्दोलनको अवस्था** **२०१–२६८**
७.१ अध्ययन क्षेत्रः प्युठान, पाल्पा र रोल्पा २०१
७.२ प्युठान जिल्लाको सङ्क्षिप्त जानकारी २०४
७.२.१ प्युठान जिल्लामा मगरहरू २०७
७.२.२ स्याउलीबाङको सङ्क्षिप्त जानकारी २०९
७.२.३ ढुङ्गेगढीको सङ्क्षिप्त जानकारी २११
७.३ पाल्पा जिल्लाको सङ्क्षिप्त जानकारी २१४
७.३.१ पाल्पा जिल्लामा मगरहरू २१८
७.३.२ पिपलडाँडाको सङ्क्षिप्त जानकारी २१८
७.३.३ बल्ढेङगढीको सङ्क्षिप्त जानकारी २१९
७.४ रोल्पाको सङ्क्षिप्त जानकारी २२२
७.४.१ रोल्पा जिल्लाका मगरहरू २२५
७.४.२ गामको सङ्क्षिप्त जानकारी २२६
७.४.३ नुवागाउँको सङ्क्षिप्त जानकारी २२८
७.५ उत्तरदाताहरूको जनसाङ्ख्यिक अवस्था २२९
७.६ सर्वेक्षणका परिणामहरू २३२
७.६.१ मगर पहिचानसम्बन्धी बुझाइ २३२
७.६.२ मगरको पुरानो राजनीतिक संस्था र वर्तमान मुद्दा २३७
७.७ मगर पहिचान मेटिनुका कारणहरू २४३

| | |
|---|---|
| ७.८ कम्युनिस्ट पार्टीहरूप्रति मगरको धारणा | २४४ |
| ७.९ मगरको मुद्दाः जातीय वा वर्गीय | २४७ |
| ७.१० पहिचानको विषयमा पार्टीहरूको धारणा | २५४ |
| ७.१०.१ नेपाली काङ्ग्रेस | २५४ |
| ७.१०.२ सङ्घीय समाजवादी पार्टी | २५५ |
| ७.१०.३ नयाँ शक्ति नेपाल | २५५ |
| ७.१०.४ राष्ट्रिय जनमुक्ति पार्टी | २५६ |
| ७.११ नेपाल कम्युनिस्ट पार्टीको आधार मगर जाति | २५९ |
| ७.१२ मगर पहिचानको राजनीति र अबको बाटो | २६४ |
| **अध्याय आठः नेपाली समाजको अन्तर्विरोध** | **२६९-२९३** |
| ८.१ आर्थिक क्षेत्रमा पहिचानको प्रभाव | २६९ |
| ८.२ शिक्षामा पहिचानको प्रभाव | २७३ |
| ८.३ हिन्दु दर्शनको जगमा जातीय असमानता | २७६ |
| ८.४ हिन्दु धर्मको प्रभावमा नेपालका कम्युनिस्ट पार्टी | २७८ |
| ८.५ जातीय, धार्मिक र सांस्कृतिक जगमा वर्ग | २८२ |
| ८.६ जातीय  अन्तर्विरोध प्रधान अन्तर्विरोध | २८७ |
| **अध्याय नौः सारांश, निष्कर्ष, नीतिगत तथा सैद्धान्तिक प्रभाव र प्राप्ति र सुझाव** | **२९४-३०५** |
| ९.१ सारांश | २९४ |
| ९.२ निष्कर्ष | २९६ |
| ९.३ नीतिगत प्रभाव तथा प्राप्ति | ३०० |
| ९.४ सैद्धान्तिक प्रभाव तथा प्राप्ति | ३०३ |
| ९.५ सुझावहरू | ३०४ |
| **अनुसूचीहरू** | **३०६-३४२** |
| अनुसूची १ः आदिवासी जनजाति आन्दोलनका मुख्य-मुख्य घटनाक्रम | ३०६ |
| अनुसूची २ः सर्वेक्षण प्रश्नावली | ३०७ |
| अनुसूची ३ः चेकलिस्ट | ३१६ |
| अनुसूची ४ः मूल सूचनादाताहरुको नामावली | ३१७ |
| अनुसूची ५ः २०६४ साल साउन २२ गते नेपाल सरकार र आदिवासी जनजातिबीच भएको २० बुँदे सहमति | ३१८ |
| अनुसूची ६ः नेपालको जनगणना २०६८ अनुसार विभिन्न सामाजिक समूहहरू | ३१९ |
| अनुसूची ७ः श्री ५ सरकार आदिवासी जनजाति ऐन २०५८ अनुसार आदिवासी जनजाति | ३२२ |

मानवीय विकास सूचकाङ्कका आधारमा वर्गीकरण सूची
अनुसूची ८ः जिल्लागत आधारमा मगर जनसङ्ख्या तथा भाषा वक्ता ३२३
अनुसूची ९ः राजतन्त्रात्मक पञ्चायती व्यवस्था देखि सङ्घीय लोकतन्त्र गणतन्त्र नेपालसम्मका मगर मन्त्रीहरू ३२५
अनुसूची १०ः प्रदेश सरकारका मगर मन्त्रीहरू ३२६
अनुसूची ११ः मगर विधायकहरू ३२६
अनुसूची ११.१ः मगर विधायकहरू २०१५-२०७९ (राष्ट्रिय पञ्चायत, प्रतिनिधिसभा, राष्ट्रियसभा र संविधानसभा) ३२६
अनुसूची ११.२ः प्रदेश सभाका मगर विधायकहरू, २०७४ र २०७९ ३२८
अनुसूची १२ः आदिवासी जनजाति महासङ्घमा आबद्ध जातीय संस्थाहरू ३३०
अनुसूची १३ः संयुक्त मगर मञ्चको घोषणापत्र ३३२
अनुसूची १४ः ब्राह्मण समाजको अपिल ३३३
अनुसूची १५ः २०५२ माघ २१ गते संयुक्त जनमोर्चा, नेपालले प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष पेस गरेको ४० सूत्रीय माग ३३५
अनुसूची १६ः अध्ययन क्षेत्रको नक्सा ३३६
अनुसूची १७ः प्युठान जिल्लाका जात-जातिहरूको विवरण ३३८
अनुसूची १८ : पाल्पा जिल्लाका जात-जातिहरूको विवरण ३३९
अनुसूची १९ः रोल्पा जिल्लाका जात-जातिहरूको विवरण ३४०
अनुसूची २०ः हालसम्मका प्रधानमन्त्रीहरू ३४१
अनुसूची २१ : हालसम्मका मुख्य सचिवहरू ३४२
**सन्दर्भ सूची** ३४३-३५९

# तालिकाहरू


| | | |
|---|---|---|
| तालिका ३.१: | सर्वेक्षण गरिएका जिल्ला तथा गाविसहरू | ५० |
| तालिका ४.१: | प्रादेशिक हिसाबले मगरको बसोबास | ६० |
| तालिका ४.२: | समुदायगत आधारमा प्रमुख जिल्ला अधिकारी | ६६ |
| तालिका ४.३: | राजकीय संरचनामा समुदायगत प्रतिनिधित्व | ६७ |
| तालिका ४.४: | नेपालका विभिन्न जातजातिहरूको सामाजिक तथा राजनीतिक अवस्था (प्रतिशतमा) | ६७ |
| तालिका ४.५: | मगरहरूको राजनीतिक सहभागिता र जानकारी | ६९ |
| तालिका ४.६: | मगर मन्त्रीहरू (२०१५-२०७८ सालसम्म) | ७० |
| तालिका ४.७: | मगर विधायकहरू प्रतिशतमा | ७२ |
| तालिका ४.८: | मगर विधायकहरू २०७४ र २०७९ | ७४ |
| तालिका ४.९: | मगर सभापति तथा उपसभापति सङ्ख्या र प्रतिशतमा | ७५ |
| तालिका ४.१०: | २०७४ र २०७९ सालको स्थानीय सरकारमा मगरको प्रतिनिधित्व | ७६ |
| तालिका ४.११: | मगर मन्त्रीहरूको लैङ्गिक  प्रतिनिधित्व (२०१५-२०७८ सालसम्म) | ७८ |
| तालिका ४.१२: | २०१५-२०७० मगर विधायकहरू लैङ्गिक प्रतिनिधित्व प्रतिशतमा | ७८ |
| तालिका ४.१३: | २०७४ र २०७९ को निर्वाचनमा मगर विधायकहरूको लैङ्गिक प्रतिनिधित्व | ७९ |
| तालिका ४.१४: | मगर सभापति तथा उपसभापतिको लैङ्गिक  प्रतिनिधित्व सङ्ख्या र प्रतिशतमा | ८० |
| तालिका ४.१५: | २०७४ र २०७९ स्थानीय सरकारमा मगरको लैङ्गिक प्रतिनिधित्व | ८० |
| तालिका ४.१६: | मगर शाखा अधिकृतहरू लैङ्गिक प्रतिनिधित्व सङ्ख्या र प्रतिशतमा | ८१ |
| तालिका ४.१७: | राजनीतिक पार्टीहरूको केन्द्रीय समितिमा मगरहरूको प्रतिनिधित्व | ८३ |
| तालिका ४.१८: | कानुन न्याय सेवामा रहेको दरबन्दी (अध्यावधिक २०७६ माघ) | ८६ |
| तालिका ४.१९: | मगर सेना प्रमुख | ८८ |
| तालिका ४.२०: | पहिलो संविधानसभा र संयुक्त मगर मञ्चले प्रस्ताव गरेको मगरात | १०१ |
| तालिका ४.२१: | नेपाल मगर सङ्घको हालसम्मका अधिवेशन र नेतृत्वहरू | १०३ |
| तालिका ४.२२: | मगर सङ्घ, हङकङका हालसम्मका नेतृत्वहरू | १०७ |
| तालिका ४.२३: | मगर सङ्घ, युएईका हालसम्मका नेतृत्वहरू | १०८ |
| तालिका ४.२४: | विभिन्न राजनीतिक मगर मोर्चाका नेतृत्वहरू | ११० |
| तालिका ५.१: | मुलुकी ऐन १९१० ले वर्गीकरण गरेको सामाजिक समूह | ११६ |
| तालिका ५.२: | नेपालको संविधानमा व्यवस्था गरिएको जातीय समानतासँग सम्बन्धित धाराहरू | ११७ |
| तालिका ५.३: | २००६-२०४६ अवधिमा कम्युनिस्ट पार्टीका विभिन्न महाधिवेशनबाट पारित जातीय पहिचानका मुद्दा | १२५ |

तालिका ५.४: २०४६-२०७० को अवधिमा नेपालका कम्युनिस्ट पार्टीहरूको जातीय पहिचानसम्बन्धी अवधारणा १२७
तालिका ५.४: सामाजिक समूहहरूका आधारमा नेकपाहरूबाट पहिलो हुने निर्वाचन प्रणालीबाट व्यवस्थापिका संसदमा निर्वाचित विधायकहरू (प्रतिशतमा) १३३
तालिका ५.६: वर्तमानमा क्रियाशील विभिन्न कम्युनिस्ट पार्टीहरू १३५
तालिका ५.७: कम्युनिस्ट पार्टीको नेतृत्वको सरकारका प्रधानमन्त्रीहरू १४२
तालिका ५.८: कम्युनिस्ट पार्टीको नेतृत्व गरेर गैरकम्युनिस्टले नेतृत्व गरेको संयुक्त सरकारमा सहभागी मन्त्रीहरूको नामावली १४३
तालिका ६.१: २०४६ पछि एमाले र माओवादीको जातीय पहिचानसम्बन्धी अवधारणा १५०
तालिका ६.२: नेकपा (एमाले) र नेकपा माओवादीको मौलिक सिद्धान्त १५१
तालिका ६.३: नेकपा (एमाले) र नेकपा (माओवादी) को महाधिवेशनबाट निर्वाचित सामाजिक समूहहरूको प्रतिनिधित्व प्रतिशतमा १६२
तालिका ६.४: एमाले र माओवादीबाट पहिलो हुने निर्वाचन प्रणालीबाट समुदायगत रूपमा निर्वाचित सदस्यहरू प्रतिशतमा १६३
तालिका ६.५: पहिलो हुने निर्वाचन प्रणालीबाट २०६४, २०७० र २०७४ मा सामाजिक समूहहरूको प्रतिनिधित्व १६४
तालिका ६.६: नेकपा (एमाले) केन्द्रीय समितिमा सामाजिक समूहहरू प्रतिशतमा १६५
तालिका ६.७: नेकपा माओवादी समितिमा सामाजिक समूहहरू प्रतिशतमा १६७
तालिका ६.८: २०७५ जेठ ३ गते नेकपा (एमाले) र माओवादी पार्टी एकतापछि बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) केन्द्रीय समितिमा सामाजिक समूहहरू सङ्ख्या र प्रतिशतमा १६९
तालिका ६.९: पहिचानको सन्दर्भमा एमाले र माओवादीको अवधारणा १७३
तालिका ६.१०: संविधान सभा राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रदेश निर्माणका आधारहरू १९३
तालिका ६.११: एमाले र माओवादीले प्रस्ताव गरेको प्रदेशहरू १९४
तालिका ७.१: अध्ययनका लागि छनोट गरिएका जिल्लाहरूमा मगर जनसङ्ख्या र भाषिक अवस्था २०१
तालिका ७.२: अध्ययन क्षेत्रका जिल्लाबाट पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रतिनिधित्व गर्ने विधायकहरू २०२
तालिका ७.३: स्थानीय तह निर्वाचन २०७४: अध्ययन क्षेत्रका पालिका प्रमुख, उपप्रमुख र वडा अध्यक्षहरूको जातिगत प्रतिनिधित्व २०३
तालिका ७.४: २०७४ को स्थानीय निर्वाचनमा अध्ययन क्षेत्रमा मगरको प्रतिनिधित्व प्रतिशतमा २०३
तालिका ७.५: प्युठानबाट संसद्मा प्रतिनिधित्व गरेका विधायकहरूको विवरण २०६

| | | |
|---|---|---|
| तालिका ७.६: | स्याउलीबाङको जात-जातिको विवरण | २१० |
| तालिका ७.७: | ढुङ्गेगढीको जात-जातिको विवरण | २१२ |
| तालिका ७.८: | पाल्पा जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने विधायकहरूको विवरण | २१६ |
| तालिका ७.९: | पिपलडाँडाको जात-जातिको विवरण | २१९ |
| तालिका ७.१०: | बल्ढेङगढीको जात-जातिको विवरण | २२० |
| तालिका ७.११: | रोल्पा जिल्लाबाट संसद्मा प्रतिनिधित्व गर्ने विधायकहरूको विवरण | २२३ |
| तालिका ७.१२: | गामको जात-जातिको विवरण | २२७ |
| तालिका ७.१३: | नुवागाउँको जात-जातिको विवरण | २२९ |
| तालिका ७.१४: | उत्तरदाताहरूको सामाजिक जनसाङ्ख्यिक अवस्था | २३० |
| तालिका ७.१५: | मगर पछाडि पर्नुका कारण | २३४ |
| तालिका ७.१६: | पहिचानसँग जोडिएका विषयहरू | २३६ |
| तालिका ७.१७: | मगरातको खोजी प्रतिशतमा | २३९ |
| तालिका ७.१८: | मगरात प्रदेश हुँदा हुने फाइदा मातृभाषा बोल्ने र नबोल्नेबीचको भिन्नता | २४० |
| तालिका ७.१९: | भविष्यमा मगरात प्रदेशको सम्भावना | २४१ |
| तालिका ७.२०: | मगर पहिचान मेटिनुका कारणहरू | २४३ |
| तालिका ७.२१: | कम्युनिस्ट पार्टीप्रति मगरको अवधारणा | २४५ |
| तालिका ७.२२: | पहिचान सम्बन्धमा राजनीतिक पार्टीहरूको अवधारणा प्रतिशतमा | २५७ |
| तालिका ७.२३: | नेकपाको सिद्धान्त, दस्तावेज र अध्ययनबाट प्रकट मतहरू | २६१ |
| तालिका ७.२४: | मगर पहिचानको सिद्धान्त, दस्तावेज र अध्ययनबाट प्रकट मतहरू | २६५ |
| तालिका ८.१: | जातजातिअनुसार गरिबीको वितरण | २७० |
| तालिका ८.२: | जातजातिको आधारमा गरिबीको अनुपात | २७० |
| तालिका ८.३: | जातजातिको आधारमा गरिबीको परिवर्तन प्रतिशतमा | २७१ |
| तालिका ८.४: | जातजातिका आधारमा प्रतिव्यक्ति आय | २७१ |
| तालिका ८.५: | सन् १९५० भन्दा अगाडिको भूस्वामित्वको प्रमुख स्वरूप | २७२ |
| तालिका ८.६: | सन् २००१ को जनगणनाअनुसार विभिन्न जातजातिको आधारमा शिक्षा आर्जन | २७५ |
| तालिका ८.७: | मगर जातिको शैक्षिक अवस्था | २७६ |

# सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| एमाले | एकीकृत मार्क्सवाद लेनिनवाद |
| एस | एकीकृत समाजवादी |
| के. स. | केन्द्रीय सदस्य |
| गापा | गाउँ पालिका |
| गाविस | गाउँ विकास समिति |
| जिपं | जिल्ला पञ्चायत |
| जिविस | जिल्ला विकास समिति |
| नपा | नगरपालिका |
| नेकपा | नेपाल कम्युनिस्ट पार्टी |
| नेका | नेपाली काङ्ग्रेस |
| प्रसं | प्रदेश संसद् |
| पृ. | पृष्ठ |
| माके | माओवादी केन्द्र |
| माले | मार्क्सवादी लेनिनवादी |
| वैसकपा | वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी |
| राजमो | राष्ट्रिय जनमोर्चा |
| राजमु | राष्ट्रिय जनमुक्ति पार्टी |
| रापुसंराशबाँस | राज्य पुनर्संरचना संरचना तथा राज्य शक्ति बाडँफाँड समिति |
| रास्वपा | राष्ट्रिय स्वतन्त्र पार्टी |
| सं. | सम्पादक |
| संसं | सङ्घीय संसद् |
| संस | संविधानसभा |
| संसफो | सङ्घीय समाजवादी फोरम |
| त्रिवि | त्रिभुवन विश्वविद्यालय |
| CBS | Central Bureau of Statistics |
| CDSA | Central Department of Sociology/Anthropology |
| TU | Tribhuvan University |